मिति : २०७५ भदौ ८ गते
समय : विहान ८.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको सत्रौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | |
| १० | वडाध्यक्ष | श्री मनोज राय | |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री टीकादत्त राई | |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | |

प्रस्तावहरु :
१. बालमैत्री नगर घोषणा लगानी योजना निर्माणको लागि योजना छनौट सम्बन्धमा ।
२. राजश्व शाखा तथा प्राविधिक शाखाको कर्मचारीहरुलाई प्रोत्सहान भत्ता सम्बन्धमा ।
३. सडक मापदण्ड स्वीकृति सम्बन्धमा ।
४. महिला स्वास्थ्य स्वयम् सेवीका चोला कुमारी थापालाई पुरस्कार प्रदान गर्ने सम्बन्धमा ।
५. गरिव परिवारलाई वितरण गरिएको जस्तापाताको समीक्षा सम्बन्धमा ।
६. नगर प्रहरी कर्मचारी करार सेवा सम्झौता सम्बन्धमा ।

७. धनकुटा नगरपालिका नगर प्रहरी आधारभूत तालिम पाठ्यक्रम, २०७५ सम्बन्धमा ।
८. मेलमिलापकर्ताहरु सूचीकृत गर्ने सम्बन्धमा ।
९. विविध ।

निर्णय नं. १
धनकुटा नगरपालिका क्षेत्रलाई २०७६ साल चैत्र मसान्त सम्म बालमैत्री नगर घोषणा गर्न चालु आर्थिक बर्षको लागि स्वीकृत कार्यक्रम अनुसार नगर क्षेत्रमा पहिलो चरणमा तपसिलका वडाहरुलाई बालमैत्री नगर घोषणा गर्न विशेष कार्य योजना सहितको लगानी योजना तयारी गरी अभियान सञ्चालन गर्ने र अन्य वडाहरुमा समेत आवश्यक सूचना सङकलन तथा विश्लेषण गरी आवश्यक सूचकीय आधारहरु तयार गर्ने निर्णय गरियो ।

तपसिल :
पहिलो चरणमा बालमैत्री वडा घोषणा गरिने वडा क्षेत्रहरुमा शहरी क्षेत्रका वडाहरुमा वडा नं. १ र ६ तथा ग्रामिण क्षेत्रका वडाहरुमा वडा नं. २, ३ र ४ लाई पहिलो चरणमा बालमैत्री वडा घोषणा गर्ने ।

निर्णय नं. २
धनकुटा नगर कार्यपालिकाको कार्यालय अन्तरगत राजश्व शाखामा कार्यरत रहने कर्मचारीहरुले नियमित रुपमा चुस्त र जिम्मेवारी पूर्वक अभिलेख राखी नगद कारोवारलाई जिम्मेवारी लिई राख्नु पर्ने भएको एवम् योजना शाखामा रहने प्राविधिक कर्मचारीहरु प्राविधिक अनुगमन गर्न स्थानीयस्तरमा योजना स्थलमा खटी कार्यालय समय बाहेकको समयमा समेत नियमित प्राविधिक निरीक्षण सम्बन्धी कार्य सम्पादन गर्नु पर्ने एवम् वातावरण शाखाबाट नगर क्षेत्रमा सरसफाई सम्बन्धी कामको नियमित अनुगमन गर्नु पर्ने भएकाले तपसिल बमोजिम मासिक रुपमा थप भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :
अधिकृतस्तरका कर्मचारीहरुलाई मासिक रुपमा रु. ३,००० ।-
सहायकस्तरका कर्मचारीहरुलाई मासिक रुपमा रु. २,५००।-

निर्णय नं. ३
धनकुटा नगरपालिका वडा नं ७ स्थित धरान धनकुटा राजमार्गको जिरो प्वाइन्ट देखि धनकुटा बसपार्क सम्मको सडकको सडक अधिकार क्षेत्र ड्रेन (नाली) सहित सडक मापदण्ड ११ (एघार) मिटर कायम गरी सडक क्षेत्रमा पर्ने भवन तथा संरचना हटाई फूटपाथ सहितको पर्यटकीय क्षेत्र निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
धनकुटा नगरपालिका क्षेत्रमा महिला स्वास्थ्य स्वयम् सेवीका कार्यक्रम थालनी भए देखि निरन्तर रुपमा स्वयम् सेवीको भूमिका निर्वाह गरी उमेरको हद्को कारणले हाल सेवाबाट अलग रहनु भएको महिला स्वास्थ्य स्वयम् सेवीका चोला कुमारी थापालाई उहाँले गर्नु भएको स्वमय् सेवीकाको भूमिकाको उच्च मूल्याङ्कन गर्दै निजलाई प्रोत्सहान स्वरुप रु. २०,०००।- (बीस हजार) रकम दिने निर्णय गरियो ।

निर्णय नं. ५
धनकुटा नगर क्षेत्रमा रहेका खरको छाना भएका गरिव परिवारलाई आवास सहुलियत दिने अभिप्रायले गत आर्थिक बर्ष २०७४/७५ मा सञ्चालन गरेको आवास सहुलियत कार्यक्रमको कार्यान्वियनको सन्दर्भमा वृहत छलफल गरी कार्यक्रमको प्रभावकारीताको सन्दर्भमा समीक्षा गरियो र चालु आर्थिक बर्षमा विनियोजित बजेटबाट समयमै आवास सहुलियत कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम करार कर्मचारी पदपूर्ति समितिको मिति २०७५।४।२८ गतेको निर्णयानुसार पदपूर्ति प्रकृया अनुसार छनौट भई सिफारिस भई धनकुटा नगर कार्यपालिकाको कार्यालयको मिति २०७५।४।३१ गतेको निर्णयानुसार मिति २०७५।५।१ गते देखि मिति २०७६ असार मसान्त सम्मको लागि करार सम्झौता गरिएका नगर प्रहरी कर्मचारीहरुको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो र नगर प्रहरी कर्मचारीको लागि धनकुटा नगरपालिकाको अतिथि गृहमा व्यारेक निर्माण गरी सेवा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा मिति २०७५।५।०१ गते देखि करार सम्झौता भई नगर प्रहरी कर्मचारीको सेवामा प्रवेश गरेका कर्मचारीहरुलाई संगठनको उद्धेश्य अनुरुप आवश्यक शारिरीक तथा मानसिक रुपमा ज्ञान, सिप र व्यायम तालिम लिई दक्ष जनशक्ति तयार गरी नगरपालिकाको शहरी सुशासन व्यवस्थापन कार्यान्वयन गर्न तयार धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भई कार्यान्वयनमा आएको धनकुटा नगरपालिका नगर प्रहरी आधारभूत तालिम पाठ्यक्रम, २०७५ लाई अनुमोदन गर्ने र धनकुटा नगरपालिकाको नगर प्रहरीको पोशाक खैरो रंगको प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

धनकुटा नगरपालिका न्यायिक समितिको सचिवालय मार्फत सूचना भई निर्धारित समयमा धनकुटा नगरपालिकामा मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुनका लागि निवेदन पेश गर्ने सचिवालयबाट पेश भए बमोजिमका व्यक्तिहरुलाई धनकुटा नगरपालिकाको मेलमिलापकर्ताको सूचीमा सूचीकरण गरी मेलमिलाप प्रकृयामा सहभागि गराउने र आगामी नगर सभामा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

धनकुटा नगरपालिकाका उपप्रमुख शकुन्तला बस्नेतको किडनीमा स्टोन भई अपरेसन गर्नु पर्ने भएकाले उपचार खर्चबापत रु. ५०,०००।- (पचास हजार) रकम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

धनकुटा नगरपालिका वडा नं. ४ निवासी कान्तिपुर दैनिकका संवाद्दाता रमेशचन्द्र अधिकारीलाई धनकुटा नगर कार्यपालिकाको प्रेश संयोजक तोकी मासिक पारिश्रमिक बापत रु. १०,०००।- (दस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

नेपाल सरकार स्वास्थ्य मन्त्रालयको सहयोगमा धनकुटा नगरपालिका वडा नं. १ र ६ मा चालु आर्थिक वर्षमा खोप केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

दोश्रो चरणको विशेष भर्ना राष्टिय कार्ययोजना अन्तर्गत धनकुटा नगरक्षेत्रभित्र विद्यालय उमेर समूह ५–१२ वर्षका बालवालिकाहरु विद्यालय बाहिर नरहेको भनी घोषणा गर्नु पर्ने भएको र हिले स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुवाट विद्यालयको सेवा क्षेत्रभित्र ५–१२ बर्ष उमेर समूहका वालवालिकाहरु विद्यालय वाहिर नरहेको भनी लेखि आएको तथा त्रिवेणी स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुका प्रधानाध्यापकहरुको स्रोतकेन्द्र स्तरीय बैठकवाट विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय वाहिर नरहेको भनी निर्णय भइ आएकोले मिति २०७५।५।१५ भित्र विद्यालय उमेर समूह ५–१२ वर्षका बालवालिकाहरु विद्यालय बाहिर नरहेको भनी घोषणा गर्ने निर्णय

निर्णय नं. १३

श्रीमान टंक मावि भीरगाउँ धनकुटाको चन १ मिति २०७५।४।४ को पत्रवाट शैक्षिकसत्र ०७५ देखि कक्षा ११ मा ऐच्छिक विषयको रुपमा स्वास्थ्य तथा शारीरिक ९१४४० विषय अध्यापन गराउनको लागि माग भइ आएकोले पूर्ण निजी स्रोतमा उक्त विषय पठनपाठन गराउनका लागि अनुमति दिनु पर्ने ।